# जिल्ला प्रहरी परिसर, काठमाडौं
## मिति :२०८०।०८।०१ गते


**Press Release**

### खुकुरी प्रहार गरी फरार रहेका ३ जना ब्यक्तिहरु नियन्त्रणमा

मिति २०८०।०७।२२ गते का.जि. का.म.न.पा १० बानेश्वर स्थित आई प्लेक्स मल नजिक नेकपा (माओवादी केन्द्र) का बाग्मती प्रदेश कमिटी सदस्य, अखिल नेपाल खेलकुद महासंघको उपाध्यक्ष तथा नेपाल उसु महासंघको केन्द्रीय अध्यक्ष जनक बर्तौलालाई तत्काल नाम थर वतन नखुलेका २ जना ब्यक्तिहरुले धारिलो हतियार प्रयोग गरी घाइते बनाइएको, उक्त घटनाको अनुसन्धानको क्रममा निज अभियुक्तहरुलाई घटना पश्चात सीमावर्ती इलाकामा लुकीछिपी बसेको भन्ने सूचना प्राप्त भएकाले जिल्ला प्रहरी परिसर, काठमाण्डौबाट खटिई गएको प्रहरी अधिकृत समेतको टोलीले स्थानिय प्रहरीको समेत सहयोगमा पशुपतिनगर इलाकाबाट निम्न ब्यक्तिहरुलाई पक्राउ गरी थप अनुसन्धान तथा कारवाहीको लागि काठमाडौं ल्याइएको ।

**<u>निम्नः-</u>**

**क) पक्राउ परेका ब्यक्तिहरुः-**



१. जिल्ला बाँके कोहलपुर न.पा. १० चटार बस्ने बर्ष २४ को शेर बहादुर थारु ।

२. जिल्ला झापा मेचि न.पा. ८ मेचे गाँउ बस्ने बर्ष ३४ को कैलास भन्ने टेक बहादुर प्रधान ।

३.जिल्ला बाँके कोहलपुर न.पा. १ कौशिला नगर बस्ने बर्ष २६ को आशिष लामिछने मगर ।

**ख) बरामद दशीः-**

१. वारदातमा प्रयोग भएको खुकुरी, कपडा,जुत्ता र झोला ।





**प्रहरी अनुसन्धान तथा कारवाही :-**

- वारदात पश्चात तत्काल प्राप्त हुलिया, पीडितले दिएको सूचना र अनुसन्धानका बिविध बिधि र पद्दति मार्फत अभियुक्तहरुलाई सप्रमाण पक्राउ गर्न जिल्ला प्रहरी परिसर, काठमाण्डौ सफल भएको ।

**प्रारम्भिक अनुसन्धानबाट खुल्न आएका तथ्यहरुः-**

- अभियुक्तहरुले पीडित जनक बर्तौलालाई अनुसन्धानबाट खुल्न आएका ब्यक्तिहरुको योजना सांघातिक आक्रंमण गर्ने भनि ३ महिना अगाडि देखि नै योजना बनाई पीडितको दैनिक गतिविधीको पिडित बस्ने घर, कार्यालय, जिम लगायतको निगरानी गरि उपयुक्त समय र स्थान निर्धारण गरि आक्रमण गरेको ।

- अभियुक्त शेर बहादुर थापा र आशिष लामिछाने मगरले आक्रमण गर्नको निमित्त वारदात मिति र स्थानमा पुगी आक्रमण गरेको जसमा शेर बहादुरले पछाडिबाट ३ पटक धारिलो हतियार खुकुरीले प्रहार गरेको र आशिषले वरिपरिको बस्तुस्थिति निगरानी गरेको ।
- आक्रमण पश्चात दुवै अभियुक्तहरु फरक फरक दिशातर्फ भागेको जसमध्ये शेर बहादुरले अं. ५०० मिटर पश्चिम उत्तरतर्फ गई एक घरको कम्पाउण्ड भित्र पसि वारदातको समयमा लगाएका सम्पूर्ण कपडा, जुत्ता र खुकुरी भएको झोला समेत छाडि नयाँ कपडा लगाई फरार भएको ।
- अभियुक्तहरु प्रहरीको निगरानीबाट बच्नको लागि पैदल यात्रा गर्दै नयाँबसपार्क पुगि झापाहुँदै इलामतर्फ पुगेको ।
- अभियुक्त टेक बहादुर प्रधानले अभियुक्त द्वय आशिष र शेर बहादुरलाई सुरक्षित गन्तव्यतर्फ लैजानको निमित्त योजनाकारहरुबाट रकम लिई उक्त कार्य गरेको ।
- पीडितलाई आक्रमण गर्ने सम्बन्धी योजनाको बारेमा ३ जना अभियुक्तहरु जानकार रहेको र काठमाण्डौ स्थित एक होटलमा बसि अपराध सम्बन्धी योजना बनाएका ।
- पक्राउ अभियुक्तहरु ३ जना यस घटना पहिला समेत पटक पटक चोरी तथा डाँका, हातहतियार खरखजाना, लागु औषध र ज्यान सम्बन्धी उधोग जस्ता अपराधिक गतिविधिमा संलग्न भई सजाय समेत भुक्तान गरेको अभिलेखबाट खुल्न आएको ।

**कानूनी कारवाही:-**

- पक्राउ परेका ३ जना व्यक्तिहरु उपर सम्मानित जिल्ला अदालत काठमाडौंबाट ज्यान मार्ने उद्योग कसुरमा दिन १० म्याद थप भई थप अनुसन्धान कार्य भईरहेको ।


**सूचना अधिकारी**

प्र.उ.कुमोध ढुंगेल

मो.नं.९८५११२६९८३

जिल्ला प्रहरी परिसर, काठमाडौं